स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



ऐतिहासिक कथावस्तुको फिल्म 'मोदीबेनी'को शीर्ष भूमिकामा वर्षा सिवाकोटी र अमरप्रताप श्रेष्ठले अभिनय गर्ने भएका छन् । मंगलबार कमलादी गणेश मन्दिरमा पूजा गर्दै फिल्म निर्माणको सुरुवात गरियो । मुहूर्त पूजापछि फिल्म छायांकनमा निस्किएको छ । फिल्मको टिमको काम गर्ने शैली र कथावस्तु मन परेर आफू प्रोजेक्टसँग जोडिएको वर्षाले उक्त अवसरमा बताइन् । सिवाकोटीले आफूसँग स्क्रिन सेयर गर्न लागेका डेब्यु अभिनेता श्रेष्ठ पनि अभिनयका लागि तयार भएको बताइन् ।


**आजको विचार...**



बीपीको...

*(दुई पेजमा)*

इन्द्रबहादुर बराल



अभिनेता सलोन बस्नेत अब फिल्म निर्माता बन्ने भएका छन् । उनको ब्यानर सलोन-सलिना फिल्म्सको ब्यानरमा एक्सन फिल्म 'युनिभर्सिटी अफ गुण्डाज्' निर्माण हुने भएको छ । मंगलबार टिजर पोस्टर सार्वजनिक गर्दै सलोनले फिल्मको औपचारिक घोषणा गरेका हुन् । यो फिल्मको शीर्ष भूमिकामा सलोन र सलिनमान बनियाँले अभिनय गर्नेछन् । पोस्टरमा यी दुई एक्टरलाई एक्सन मुडमा देख्न सकिन्छ । २०७५ सालमा रिलिज भएको फिल्म 'यात्रा'पछि सलिनले यही फिल्मबाट कमब्याक गर्दैछन् ।

❑ वर्ष २९ ❑ अंक १८३ ❑ २०८० माघ १७ गते बुधबार 31 January 2024, Wednesday ❑ पृष्ठ संख्या 8 मूल्य रू ५/-

## संक्षिप्त समाचार

### रैनादेवी छहरामा पुरुष मृत फेला



**पाल्पा,** माघ १६/जिल्लाको रैनादेवी छहरामा एक पुरुष मृत फेला परेका छन् । मंगलबार बिहान पाल्पा रैनादेवी छहरा गाउँपालिका १ सिद्धेश्वर अर्चलेका ६३ वर्षीय रेवतीराम अर्याल मृत फेला परेका हुन् ।

आफ्नै घरको दलान (बरण्डा) मा उनी मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी सुगन्ध श्रेष्ठले जानकारी दिए । उनका अनुसार मृत फेला परेको सूचना पाउनासाथ प्रहरी चौकी सर्देवाबाट प्रहरी नायव निरीक्षक र जिल्ला प्रहरी कार्यालय पाल्पाबाट प्रहरी नायव उपरीक्षकको कमाण्डमा प्रहरी टोली खटिई प्रारम्भिक अनुसन्धान कार्य पश्चात शव पोष्टमार्टमको लागि रिडी प्राथमिक स्वास्थ्य चौकी, गुल्मीमा पठाईएको छ । घटनाका विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## पाल्पामा पनि सुरू भयो 'समुदायमा काँग्रेस' अभियान

# प्रचण्ड सरकारले एक दुई तिन भन्ने गरी कुनै राम्रो काम गर्न सकेन : डा.संग्रौला

**कृष्ण पोखरेल**

**पाल्पा,** माघ १६/नेपाली काँग्रेसकी केन्द्रिय सदस्य डा.डिला संग्रौलाले वर्तमान प्रचण्ड सरकारले एक दुई तिन भन्ने गरी कुनै राम्रो काम गर्न नसकेको बताएकी छन् । नेपाल प्रेस युनियन पाल्पा शाखाले तानसेनमा गरेको पत्रकार सम्मेलनमा बोल्दै नेपाली काँग्रेसकी केन्द्रिय सदस्य डा.संग्रौलाले औलामा गर्न सकिने गरी जनहितका विषयमा प्रचण्ड सरकारले राम्रो काम गर्न नसकेको बताएकी हुन् ।




सरकारमा नेपाली काँग्रेसको सहभागिता भएपनि कार्यकारी प्रमुखमा माओवादी अध्यक्ष प्रचण्ड भएको सबै कुराको जिम्मेवारी प्रचण्डले लिनुपर्ने नेपाली काँग्रेस केन्द्रिय सदस्य डा.संग्रौलाले बताइन् । निर्वाचन अघि नै काँग्रेसको विचार भन्दा फरक पार्टीसंग सहकार्य गर्नु गलत अभ्यास भएको बताउँदै नेका महिला नेतृ डा.संग्रौलाले आगामी दिनमा नेपाली काँग्रेस एक्लै निर्वाचन लड्ने बताइन् । मिश्रित निर्वाचन प्रणालीको कारण नेपालमा कुनै पार्टीको पनि बहुमत नआउने अवस्थाको कारण संविधान परिवर्तन गरी एकल पार्टीको बहुमत आउने गरी समाधान निकाल्नु पर्ने डा.संग्रौलाको भनाइ छ । उनले समानुपातिक निर्वाचनको कारण महिला, जनजातीहरु अधिकार बञ्चित हुँदै गएको बताइन् । नेतृ डा.संग्रौलाले अहिले देशमा विभिन्न विषयमा राजनीतिक दलका नेता तथा आफन्तहरुले भ्रष्टाचार गरी काण्डै, काण्ड मच्चाएकोले सरकार भित्र वा बाहिर, पार्टीभित्र वा बाहिर जोसुकै भएपनि कानुनी दायरामा ल्याई कारवाही गर्न सरकारले बलियो आट देखाउनुपर्ने बताइन् ।

'समुदायमा काँग्रेस' अभियान कार्यक्रमको लागि पूर्वउपसभापति विमलेन्द्र निधी, डा.संग्रौला केन्द्रिय सुपरीवेक्षकको रुपमा, केन्द्रिय सदस्य अब्दुल रजाक केन्द्रिय प्रतिनिधीको रुपमा, लुम्बिनी प्रदेशकोतर्फ पार्टीका प्रदेश महामन्त्री विक्रम खनाल सुपरीवेक्षकको रुपमा पाल्पामा खटिएका छन् । नेपाली काँग्रेस पाल्पाले माघ १६ गते मंगलबारदेखि तानसेन नगरपालिका वडा ६ गन्धर्व टोलबाट 'समुदायमा काँग्रेस' अभियान शुरु गरेको छ । अभियानको पहिलो दिन काँग्रेसले गन्धर्व समुदाय, सामुदायिक प्रहरी, त्रिभुवन बहुमुखि क्याम्पसका विद्यार्थी र टुँडिखेलमा सञ्चालित राष्ट्रपति रनिङ्गशिल्ड प्रयोगितामा सहभागी खेलाडीहरुसँग छलफल गरेका थियो । १० दिनसम्म चल्ने समुदायमा काँग्रेस अभियान माघ २६ गते तानसेनमा समापन हुनेछ । कार्यक्रममा जिल्ला सभापती हिमालदत्त श्रेष्ठले १० वटा पालिकाको ८१ वटा वडाको टोलमा पार्टीभित्र र बाहिरका सबै पक्षसंग भेटघाट, अन्तर्क्रिया, राय सुझाव संकलन गरिने बताए । पार्टीको लागि आएका राय सुझाव आगामी फागुन ७ गतेदेखि हुने नीति महाधिवेशनमा प्रस्तुत गरिने जिल्ला सभापती श्रेष्ठले बताए । प्रेस युनियन पाल्पाका अध्यक्ष मन गहिरेको अध्यक्षतामा, उपाध्यक्ष रामचन्द्र रायमाझीको स्वागत र सहसचिव बविता विष्टको सञ्चालनमा कार्यक्रम भएको थियो ।

धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होइन ।
- यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले त्यागने प्रण गरौं ।
- यसले तपाई र तपाईको परिवारलाई असर पुऱ्याउँछ ।

त्यसैले,

*धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं ।*

नेपाल सरकार

विज्ञापन बोर्ड

## वन्यजन्तु पीडितले क्षति वापतको राहत पाएनन्

**गुल्मी,** माघ १५/गुल्मीका किसानले वन्यजन्तुले खाद्यन्न बाली तथा घरपालुवा पशुमा क्षति पुऱ्याए वापतको राहत रकम गत दुई वर्षदेखि पाउन सकेका छैनन् । वन्यजन्तुबाट हुने क्षति वापतको राहत सहयोग सम्बन्धी निर्देशिकामा वन्यजन्तुको आक्रमणबाट हुने अंगभंग एवं मानवीय क्षति, पशुधन, घर/गोठ र खाद्यान्न बालीको क्षतिको राहत रकम उपलब्ध गराउने व्यवस्था गरेको छ ।



पीडित परिवारले राहतका लागि डिभिजन वन कार्यालयमा निवेदन दिँदै आएका छन् । दुई वर्ष बित्न लाग्दा पनि आफूले अझै वन्यजन्तुबाट भएको क्षतिको राहत रकम कार्यालयबाट पाउन नसकेको छत्रकोट गाउँपालिका-४ का विष्णुप्रसाद पन्थले बताए । उनी जस्तै रेसुङ्गा नगरपालिका-३ की चित्रकला थापाको समस्या पनि उस्तै छ । 'बाघले बाख्रा खाइदिएपछि राहत मिल्छ भनेर वन कार्यालयमा निवेदन दिएको पनि धेरै समय भयो, अझैसम्म राहत पाएको छैन', उनले भने । प्रदेश वन निर्देशनालय मार्फत डिभिजन वन कार्यालयले भुक्तानी दिने भनी सरकारले निर्णय गरिसकेको छ । तर निर्णय गरे पनि हालसम्म राहत रकम सम्बन्धी बजेट डिभिजन वन कार्यालय गुल्मीमा निकासा भएको छैन । चालु आर्थिक वर्षको असार महिनापछि कार्यविधि परिवर्तन भए पनि असार मसान्तभन्दा अघिसम्म बाँके राष्ट्रिय निकुञ्जबाट राहत रकम उपलब्ध गराउँदै आइरहेको थियो । निर्देशिका परिवर्तन भएपछि प्रदेशले जिल्लामा रकम पठाउने भने पनि हालसम्म उक्त रकम अझै डिभिजन वन कार्यालयमा आएको छैन । असार मसान्तअघि पेश भएका निवेदनको रकम जिल्लामा नआएको हुँदा भुक्तानीका लगि बाँके राष्ट्रिय निकुञ्जमा फाइल पठाएको जिल्ला वन अधिकृत पंकजकुमार ठाकुरले जानकारी दिए । 'हामीले जिल्लामा आएका भुक्तानी हुन बाँकी सबै फाइल राष्ट्रिय निकुञ्जमा पठाइसकेका छौं, त्यहीबाट पीडितको खातामा रकम जान्छ', उनले भने । आव २०७९/०८० मा जिल्लामा वन्यजन्तुको आक्रमणबाट ६८ पशुधन र ११ जनाको अन्नबालीमा क्षति पुगेको डिभिजन वन कार्यालयले जनाएको छ । वन्यजन्तुबाट हुने क्षतिको राहत निर्देशिका बमोजिम मानवीय क्षतिको लागि २० हजारदेखि अधिकतम दश लाख, पशुधनको क्षतिका लागि दश हजारदेखि ३० हजार र खाद्यान्न बालीको क्षतिको लागि दश हजारसम्म उपलब्ध गराउने व्यवस्था गरिएको छ । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

## सम्पादकीय

# संकटमा मुलुक

मुलुकको वर्तमान अवस्थाप्रति राजनेता र राजनैतिक दलहरु अझै पनि अन्यौलमै छन् । उनीहरु लोकतन्त्र जनताको सम्पत्ति हो भन्ने सोंचलाई वास्तविकतामा परिणत गर्ने सोंचमा देखिदैनन् । समस्या थपिदै छन्, निराशा मौलाइरहेको वर्तमान परिस्थिति प्रति लोकतन्त्रका हिमायति भनिएका ठुला र पुराना दलहरु चिन्तित भएका छैनन् । उनीहरुले राम्रोसंग बुझिसकेका छन् कि उनीहरु प्रति नयाँ पुस्ताको हेर्ने दृष्टिकोण सकारात्मक छैन । त्यति हुँदा पनि लोकतन्त्रलाई संस्थागत गर्ने तर्फ कुनै पनि नयाँ र समयानुकुल परिवर्तनको अवस्था प्रति कुनै तहले पनि बुझिरहेको छैन । युवाहरुका इच्छा र आकाङ्क्षाहरु धेरै छन्, तर कार्यान्वयन गर्न सकिने अवस्था कमजोर छ । हामीसंग उपलब्ध श्रोत र साधनको प्रयोग गरेर अगाडि बढ्दै गर्दा कहीकतै पनि युवाहरुका चाहना पुरा गर्न सकिने अवस्था देखिएनन् । त्यसकारण आमजनताका चहाना र आवश्यकतालाई जतिसक्दो छिटो र सकेसम्म उनीहरुका न्यूनतम आवश्यकता परिपूर्ति गर्ने कार्यलाई व्यवहारिक रुपमा अगाडि नबढाएसम्म खाली गफ र भाषणले मात्रै देश चल्दैन । आर्थिक समृद्धिका कुरा गर्दा स्वरोजगारीताको विकासमा जोड दिनुपर्नेमा त्यसो हुन सकेको छैन । सरकारका नीति र कार्यक्रमहरुले युवा, महिला, सीमान्तकृत समुदाय र सम्भ्रान्त समुदाय सबैको एकै साथ प्रतिनिधित्व गर्न जरुरी छ । त्यसो भयो भने मात्र देशले असल जनशक्ति प्राप्त गर्न सक्छ र मुलुक सम्वृद्धिको बाटोमा अगाडि बढ्न सक्छ ।

अहिले यी र यस्तै खालका विविध समस्याले मुलुक अत्यान्तै संकटपूर्ण रुपमा गुज्रिरहेको छ । नेता र कार्यकर्ताका कुरा जनताले सुन्ने भन्दा पनि सुनेर नसुने जस्तो व्यवहार गरिरहेका छन् । उनीहरु सबैको आरोप छ कि नेताहरु इमानदार भएनन्, जनताका जल्दाबल्दा समस्याको समाधान भन्दा पनि भ्रष्टाचार र गलत नीतिका कारण मुलुकलाई संकटमा पार्ने काम भयो भन्ने आरोपको सामना गर्ने कार्यमा हरेक नेता र दलहरुले आ–आफ्ना मार्ग दर्शन बनाएनन् भने मुलुक संकटमुक्त भन्दा पनि लोकतन्त्र खतरामा पर्छ र मुलुक संकटको दलदलमा फस्ने बाहेक केही पनि हुन सक्दैन । त्यसकारण सबैले सबैका लागि, नेताले देश र जनताका लागि, नीतिले असल लोकतन्त्रका लागि गम्भीर भएर सोच्नै पर्नेहुन्छ ।

## Opinion @ Social Network

ए हजुर, अनुहार कलिलो भएर केही हुदोरहेनछ,
परिवारको जिम्मेवारी बोक्ने काद बलियो हुनुपर्दो रहेछ ।
(*गम्भिर रानाको फेसबुक स्टाटस https://www.facebook.com/gambir.rana*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बीपीको विचार अझै सान्दर्भिक छ



**इन्द्रबहादुर बराल**

*आजको एमाले पूर्ण प्रजातान्त्रिक प्रक्रियासँग आफूलाई अभ्यस्त गराइरहेको छ । साँच्चै भन्ने हो भने नेकपा एमाले अब्बल प्रजातान्त्रिक पार्टीको रूपमा आफूलाई प्रमाणित गर्दै आएको छ । उसका सारा संठनहरू पूरै प्रजातान्त्रिक ढंगले निर्माण भएको पाइन्छ । यद्यपि यदाकदा ससाना कमीकमजोर नभएका भने होइनन् । त्यसका बाबजुद उग्रवामपन्थीलाई प्रजातान्त्रिक प्रक्रिया र सिद्धान्तमा हिंड्न सिकाउने मूल पथ प्रदर्शक बीपी कोइरालाकै प्रजातान्त्रिक समाजवाद थियो भन्न सकिन्छ । राजनीतिलाई डोहोर्‍याउने काम नीति, सिद्धान्त र कार्यक्रम नै हो । त्यसको अभावमा अर्थात् नीति, सिद्धान्त र कार्यक्रमको अभावको राजनीति समुद्रमा हराएको डुंगाजस्तै हुन्छ । नेपालको राजनीतिले विचार, सिद्धान्त र आदर्श सही बाटोमा हिंड्दाहिंड्दै पनि त्यसको कार्यान्वयनमा देखिएको अलमल समुद्रमा हराएर दिशाहिन डुंगाजस्तै हुन पुगेकाले आजको यो अन्यौल सिर्जना भयो । जसबाट जनताको आशा र भरोसा टुट्न गई देश आज बर्बादीको बाटोमा लागेको छ । यस सन्दर्भमा पनि राष्ट्रिय एकता र मेलमिलापको अपरिहार्य आवश्यकता छ । हामीले जुनसुकै राजनीति पद्धति अँगाले पनि अन्ततः एकता र मेलमिलापको नीति नअँगालेसम्म सही गन्तव्यमा पुग्न सम्भव छैन ।*

पछिल्लो कालखण्डमा राष्ट्रिय एकता र मेलमिलापको औचित्य र आवश्यकाता अरू बढी खड्किरहेको छ । हिजोसम्म बीपी कोइलालाई अनेक लाञ्छना लगाएर सत्तोसराप गर्नेहरू पनि बीपीको राष्ट्रिय एकता तथा मेलमिलापको नीतिको मुक्तकण्ठले प्रशंसा गर्न थालेका छन् । यस प्रसंगमा बीपी कोइरालालाई एउटा पार्टी विशेषसँग जोडेर हेर्न हुँदैन । बीपी कोइराला राष्ट्रिय नेता हुन् जसको विचार र दृष्टिकोण सर्वकालिकरूपमा सर्व स्वीकार्य भएको छ । त्यसैले पनि बीपी कोइराला सम्पूर्ण नेपालीको महान नेताको रूपमा स्वीकार्य हुने क्रम बढ्दो छ । उनी नेपाली कांग्रेसको संस्थापक नेतामात्रै नभई सबै नेपालीको साझा नेताको रूपमा हेर्न थालिएको छ । पछिल्लो कालखण्डमा राष्ट्रिय एकता तथा मेलमिलाप सन्देश लिएर भारतबाट निर्वासित जीवन परित्याग गरेर स्वदेश फिर्ता हुँदा होस् वा नेपाली कांग्रेसले २०१२ सालमा वीरगञ्ज महाधिवेशनबाट प्रजातान्त्रिक समाजवादको मार्ग अवलम्बनले बीपीका विचार समाजका लागि सर्वस्वीकार्य बन्दै गएको छ । यद्यपि आजको नेपाल बीपीका ती एकता र मेलमिलापको सन्देशका सन्दर्भमा होस् वा प्रजातान्त्रिक समाजवाद राज्य र खास गरेर बीपीबाटै सृजित पार्टी नेपाली कांग्रेसले बाटो बिराउन खोज्दै छ । सुन्दर विचार सिद्धान्त र आदर्शले सुसज्जित पार्टी नेपाली कांग्रेस वर्तमानमा कुरूप बन्दै गएको छ । सिंगो नेपाली समाज भनौं या पार्टीहरू राष्ट्रियता, प्रजातान्त्र र समाजवाददेखि कोही टाढा देखिँदैनन् । यस अर्थमा नेपाली कांग्रेस सफल नै मान्नुपर्छ । राजनीतिलाई पद, पैसा र प्रतिष्ठासँग जोडेर हेर्ने होइन बरू विचार, सिद्धान्त र त्यसका आदर्श (राष्ट्रियता, प्रजातन्त्र र समाजवाद) कति स्वीकार्य हुँदै छ त्यो हेर्दै मूल्यांकन गर्नुपर्ने हुन्छ । आजका राजनीतिक दलहरूलाई हेर्दै सबै शक्तिहरू त्यही आदर्शको वारिपरि घुमिरहेका छन् । कतिले सिधैं स्वीकार गरेका छन् त कति घुमाउरो पाराले फरक त्यत्ति हो । त्यसैले नेपाली राजनीतिमा बीपी कोइराला एक कालजयी राजनेता भन्नु उपयुक्त ठानिन्छ जसले सिंगो नेपाली समाजलाई आफ्नै विचारधारामा डोहोर्‍याउन सफल भए ।

उता नेपाली कम्युनिष्ट आन्दोलनका मूलधारका तत्कालीन नेकपा माले हाल नेकपा एमाले पनि जबजको भाष्य प्रयोग गर्दै प्रजातान्त्रिक मूल प्रवाहमा समाहित भयो । जब मदन भण्डारीले तत्कालीन नेकपा ( माले) हाल एमाले उक्त जबज ( जनताको बहुदलीय जनवाद)मा रूपान्तरित गराए तबमात्र नेकपा एमाले प्रजातान्त्रिक पार्टी बन्न पुग्यो । आजको एमाले पूर्ण प्रजातान्त्रिक प्रक्रियासँग आफूलाई अभ्यस्त गराइरहेको छ । साँच्चै भन्ने हो भने नेकपा एमाले अब्बल प्रजातान्त्रिक पार्टीको रूपमा आफूलाई प्रमाणित गर्दै आएको छ । उसका सारा संठनहरू पूरै प्रजातान्त्रिक ढंगले निर्माण भएको पाइन्छ । यद्यपि यदाकदा ससाना कमीकमजोर नभएका भने होइनन् । त्यसका बाबजुद उग्रवामपन्थीलाई प्रजातान्त्रिक प्रक्रिया र सिद्धान्तमा हिंड्न सिकाउने मूल पथ प्रदर्शक बीपी कोइरालाकै प्रजातान्त्रिक समाजवाद थियो भन्न सकिन्छ । राजनीतिलाई डोहोर्‍याउने काम नीति, सिद्धान्त र कार्यक्रम नै हो । त्यसको अभावमा अर्थात् नीति, सिद्धान्त र कार्यक्रमको अभावको राजनीति समुद्रमा हराएको डुंगाजस्तै हुन्छ । नेपालको राजनीतिले विचार, सिद्धान्त र आदर्श सही बाटोमा हिंड्दाहिंड्दै पनि त्यसको कार्यान्वयनमा देखिएको अलमल समुद्रमा हराएर दिशाहिन डुंगाजस्तै हुन पुगेकाले आजको यो अन्यौल सिर्जना भयो । जसबाट जनताको आशा र भरोसा टुट्न गई देश आज बर्बादीको बाटोमा लागेको छ । यस सन्दर्भमा पनि राष्ट्रिय एकता र मेलमिलापको अपरिहार्य आवश्यकता छ । हामीले जुनसुकै राजनीति पद्धति अँगाले पनि अन्ततः एकता र मेलमिलापको नीति नअँगालेसम्म सही गन्तव्यमा पुग्न सम्भव छैन । यस तथ्यलाई जिम्मेवार राजनीतिक शक्ति र व्यक्ति जोसुकैले आत्मसात गर्नै पर्छ । यद्यपि सैद्धान्तिक दृष्टिकोणले सबै राजनीतिक शक्तिहरू उस्तै–उस्तै देखिन्छन् तर फरक पदावली मात्रै । राष्ट्रियता, प्रजातन्त्र र समाजवादलाई कुनै पनि राजनीतिक पार्टी वा शक्तिले अस्विकार गर्न सक्दैन । यस्तो सर्वस्वीकार्य बनेको आदर्शरूपी सिद्धान्तलाई कार्यान्वयनमा उतार्न किन पार्टीहरू एकताबद्ध हुन सक्तैनन् यो चाहिँ बडो रहस्यको विषय बनेको छ । समस्याको मुख्य गाँठो नै यही भएको छ । यदि राजनीति समाजको बृहत्तर हितका लागि गर्ने भने झिनामसिना कुरामा अल्झिनु हुँदैन । नेपालीमा एउटा उखान छ ‘कुचाले बढार्नुपर्ने गर्ने हावाले उडायो’ भनेझौँ गर्छ भने टाउको दुखाउन कुरै भएन तर यहाँ हावाले उडाएकोमा पनि टाउको दुखाइ हुनु नै विडम्बना भएर आएको छ । यी र यस्तै लघुताबोधबाट मुक्त हुन बीपी कोइरालाका ती महान् विचार र सन्देशको सान्दर्भिकता अझै सकिएको रहेनछ भन्न हिचकिचाउन पर्दैन ।

अब आयो मौजुदा तेस्रो राजनीतिक शक्ति नेकपा माओवादी केन्द्र । उसले पछिल्लो कालखण्डमा सञ्चालन गरेको सस्शत्र युद्ध नामको दर्दनाक हत्याहिंसाको राजनीतिले नेपाली समाजले भर्खरै लय समात्नै के लागेको थियो सबै भताभुंग बनाइदियो । तत्कालीन दरबारले पनि माओवादीलाई पुल्पुल्याउन लागेको जस्तो छनक मिल्थ्यो । गिरिजाप्रसाद कोइरालाले माओवादीका आतंककारी गतिविधिलाई नियन्त्रण र निःशस्त्र बनाउन शाही सेना प्रयोग गर्न अनुमति नदिएकै कारण माओवादी थप उत्साहित भएर धेरै जनधनको क्षेति हुन पुग्यो । यद्यपि २०६२/०६३ तिर तत्कालीन सात राजनीति दल र माओवादीबीच बृहत् शान्ति सम्झौतापश्चात् मात्र माओवादी शान्ति प्रक्रियामा आयो । त्यसको पछाडि पनि राष्ट्रिय एकता र मेलमिलापको सन्देशले अभिप्रेरित गरेन होला भन्न सकिँदैन । किनकि त्यो शान्ति प्रक्रियाको मुख्य योजनाकार बीपी कोइरालाकै भाइ गिरिजाप्रसाद कोइराला नै अग्रपंक्तिमा थिए । त्यसैले माओवादीलाइ शान्ति प्रक्रियामा ल्याउन बीपीका उक्त सन्देश दिशा निर्देशको रूपमा लिनुपर्ने हुन्छ । मानिसहरू सतही कुरामात्रै गर्छन् तर एकता र मेलमिलापको गहिराइमा पुग्ने कोसिस गरेको पाइँदैन । त्यति दूर्दर्शी नेताका विचार, दृष्टिकोण र सिद्धान्तलाई सामान्यीकरण गर्दा पनि आज नेपाल धेरै पछाडि परेको हो । बीपीका विचार, सिद्धान्त र आदर्श अनि राष्ट्रिय एकता तथा मेलमिलापको सन्देश आज कसैले नकार्न सक्दैन । सर्वकालिक रूपमा उनका विचारहरू सर्व स्वीकार्य हुँदै गएका छन् । माओवादी जस्तो पार्टीले पनि बीपी कोइरालालाई स्मरण गर्न शान्तिका कुरा गर्दै गरेको अवस्था छ । त्यसमा पनि बीपी कोइरालाको प्रभाव परेन होला भन्न सकिँदैन । अ

ब पुरानो र यथास्थितिवादी राप्रपा जो राजातन्त्रको छत्रछायामा पालितपोषितहरूले पनि बीपीका विचारलाई अस्विकार गरेको पाइँदैन भने चौथो राजनीतिक शक्ति पनि बीपी कोइरालाका विचारलाई आफ्नो मार्ग निर्देशक सिद्धान्तको रूपम लिएको हुनुपर्छ । यसर्थ बीपी कोइराला स्मरण गर्दा पहिले पहिले स्वयं नेपाली कांग्रेसले पनि वार्षिक तिथिमा पितृहरू सम्झेर श्राद्ध गरेझैं कर्मकाण्डमै सीमित रहन्थ्ये तर आज सिंगो नेपालले बीपी कोइरालालाई श्रद्धापूर्वक सम्झना गर्न थालेका छन् । त्यस कारण पनि बीपीका विचार, राष्ट्रिय एकता तथा मेलमिलापको औचित्य र आवश्यकता अझै खड्किरहने निश्चित जस्तो देखिएको छ ।

**-इहिमालय टाइम्स डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काम वा रोजगार पाईनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । | **तुला** : शैक्षिक क्षेत्रबाट सफलता मिल्नेछ । भाग्यले अवसर जुराउनेछ । |
| **वृष** : लेनदेनमा सजकता अपनाउनु पर्नेछ । अधिक धन खर्च हुनेछ । | **वृश्चिक** : व्यापार व्यसायबाट लाभ मिल्नेछ। विश्वास गरेकाले साथ दिनेछन्। |
| **मिथुन** : शुभ समाचार सुन्न पाइएला । दाम्पत्य जीवन सुखमय रहनेछ । | **धनु** : कार्यमा सफलता पाईनेछ । नयाँ व्यक्ति संग भेटघाट हुनेछ । |
| **कर्कट** : आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । भूमिबाट लाभ रहला । | **मकर** : कमजोर भएको अनुभूति हुनेछ । संयम रहनु होला । |
| **सिंह** : वित्तिय संस्थाबाट सहयोग पाईनेछ । मिष्ठान्न भोजन प्राप्ति होला । | **कुम्भ** : शुभकार्यको चर्चा चल्नेछ । वित्तिय संस्थाबाट सहयोग पाईनेछ । |
| **कन्या** : श्रमको उचित मूल्याङ्कन हुनेछ । पठनपाठनमा प्रगती हुनेछ । | **मीन** : नयाँ सवारी साधन प्राप्तिको योग छ । आँटेको र ताकेको कार्य पुरा होला । |

# के गर्दैछन् नयाँ पुस्ताका 'चकलेटी हिरो'हरू ?



पछिल्लो पुस्ताका केही 'चकलेटी' अभिनेताहरूलाई यतिबेला नेपाली चलचित्रमा काम गर्न भ्याइ नभ्याइ छ । उनीहरूलाई चलचित्रको कुनै कमी छैन । प्रदीप खड्का, अनमोल केसीदेखि पल शाहसम्म पछिल्लो पुस्ताका व्यस्त 'चकलेटी' अभिनेतामा पर्छन् । 'प्रेम गीत ३' रिलिजपछि केही समय गुपचुप देखिएका अभिनेता प्रदीप खड्काले पछिल्लो समय एकपछि अर्को चलचित्र साइन गरिरहेका छन् । दिनेश राउतको निर्देशन रहने चलचित्र 'पूजार सार्की'मा उनले काम गर्दैछन् । यो चलचित्रमा उनीसहित आर्यन सिग्देल र पल शाहका साथमा अञ्जना बराईली र परीक्षा लिम्बु देखिदैं छन् । माघभित्रै छायांकनमा निस्कने भनिएको चलचित्रको वर्कसपमा समेत प्रदीपले समय दिइरहेका छन् । प्रदीप 'ऐरी'मार्फत् बलिउडमा डेब्यु गर्ने तयारीमा छन् । यो चलचित्रका लागि केही महिनायता उनले 'फाइट' सिकिरहेका छन् । कपाल लामो बनाएका छन् । वर्किङ टाइटल 'एक्टर' रहेको अर्को चलचित्रमा पनि प्रदीपले काम गर्दैछन् । यो चलचित्रमा उनको जोडीका रूपमा अभिनेत्री आना शर्मा अनुबन्धित भइसकेकी छन् ।

> *प्रदीप र अनमोलले म्युजिक भिडियोमा काम नगर्ने भए पनि पल शाह भने भिडियोका सबैभन्दा रोजाइका अभिनेता हुन् । उनले एकपछि अर्को म्युजिक भिडियोमा पनि काम गरिरहेका छन् । विज्ञापनको कुरा गर्दा पछिल्लो समय पललाई ब्राण्डको विज्ञापनमा खास्सै खोजिएको छैन । यस्तै, अर्का चकलेटी अभिनेता सलिनमान बनियाँ भने चलचित्रको पर्दाबाट अलि टाढा देखिएका छन् । 'ए मेरो हजुर २'बाट डेब्यु गरेका उनले पहिलो चलचित्रबाटै लोभलाग्दो माया पाएका थिए । रिजर्भ बस्न रुचाउने यी अभिनेता चलचित्र 'यात्रा'पछि मिडिया र चलचित्र नगरीबाट टाढै बसिरहेका छन् । उनले व्यवसायमा समय दिइरहेका छन् ।*

राजन भुसालको निर्देशनमा बन्ने चलचित्र मार्फत् अभिनेता राज बल्लभ कोइरालाले अभिनयमा कमब्याक गर्दैछन् । यी बाहेक थुप्रै निर्माता-निर्देशकहरू प्रदीपलाई आफ्नो चलचित्रमा खेलाउन लागिपरेका छन् । उनले पनि थुप्रै चलचित्रको स्क्रिप्ट हेरिरहेका छन्, यद्यपि साइन गरिसकेका भने छैनन् । प्रदीपले पछिल्लो समय आफूले थुप्रै चलचित्रको स्क्रिप्ट पढेको बताए । बौद्धिक अभिनेताका रूपमा समेत परिचित प्रदीप विज्ञापनहरूमा समेत रोजाइका अभिनेतामा पर्छन् । यस्तै, अर्का चकलेटी अभिनेता अनमोल केसी यति बेला चलचित्र 'फर्की फर्की'को छायांकनमा व्यस्त छन् । गतवर्षको 'छड्के २' अनमोलको पछिल्लो रिलिज चलचित्र थियो, जुन 'फ्लप' भएपछि अनमोलको करिअरमा धक्का लागेको धेरैको टिप्पणी थियो । उक्त चलचित्रको निराशाजनक व्यापारपछि आफू चुकेको स्वीकारेका अनमोलले 'फर्की फर्की'मा भरपूर मेहनत गरिरहेको निर्माण पक्षले बताएको छ । सुयोग गुरुङको निर्देशनमा बनिरहेको चलचित्रमा अनमोलको जोडीका रूपमा अभिनेत्री जसिता गुरुङ छिन् ।

यस्तै, अनमोलले हेमराज बिसीको निर्देशनमा 'जेरी २'मा समेत अभिनय गर्दै छन् । ८ वर्षअघि प्रदर्शनमा आएको हिट चलचित्र 'जेरी'को सिक्वेलका रूपमा निर्माण हुन लागेको चलचित्रमा अनमोलको जोडीका रूपमा आना शर्मा देखिदैं छिन् । यो चलचित्रको छायांकन कहिलेदेखि सुरु हुन्छ टुंगो छैन । अनमोलले चलचित्र 'रावायण'मा पनि काम गर्ने तयारी थियो । यद्यपि, उक्त चलचित्र खेल्छु भनेर १० लाख पेस्की लिएर खेल्न आनाकानी गरेको भन्दै निर्माण युनिटले उनीविरुद्ध 'आपराधिक विश्वासघात' गरेको कसुरमा प्रहरीमा जाहेरी दिएको थियो । निर्माण युनिटको उजुरीका कारण अनमोलले हिरासतको बाससमेत बस्नुपरेको थियो । सुदर्शन थापाको निर्देशनमा निर्माण हुने तयारीमा रहेको उक्त चलचित्रका लागि लिएको पेस्की अनमोलले हिरासतबाट छुटेपछि फिर्ता गरेका थिए । उक्त लफडाले गर्दा अनमोल पछिल्लो समय चलचित्र साइन गर्नु र पेस्की लिनु अघि थप सोचविचार गर्न थालेको निकट स्रोत बताउँछ । अनमोलसँग हिजोआज पनि थुप्रै चलचित्रको अफर पुग्ने गरेको छ । उनी विज्ञापनमा समेत निकै रोजाइका अभिनेता हुन् ।

अर्का अभिनेता पल शाहको व्यस्तता भने पछिल्ला दिनमा महोत्सवतिर ढल्किएको छ । उनलाई महँगो पारिश्रमिक तिरेरै भए पनि महोत्सवमा लैजान आयोजकहरू लालायित छन् । उनी पनि दैनिक जसो महोत्सवमा पुगेर प्रस्तुति दिइरहेका छन् । उनलाई हेर्न महोत्सवमा दर्शकहरूको भिड लागेको भिडियोहरू सामाजिक सञ्जालमा छ्याप्पछ्याप्ती भेटिन्छन् । चलचित्रको कुरा गर्दा पलले 'मायावी'को छायांकन सकेका छन् । दिवाकर भट्टराईको निर्देशन रहेको यो चलचित्रमा पलका साथमा दिपिका प्रसाईं शीर्ष भूमिकामा छिन् । पलले लगत्तै काम गर्ने तयारीमा रहेको चलचित्र 'पूजार सार्की' हो । यस्तै, उनले 'मायाका रंगहरू'नामक चलचित्रमा पनि काम गर्दैछन् । केवल तामाङको निर्माण र निर्देशनमा बन्ने चलचित्रको छायांकन फागुनबाट सुरु गर्ने तयारी छ । पलको मुख्य भूमिका रहने गरी चलचित्र 'ओ सजन' विकास बोर्डमा दर्ता भए पनि कहिलेदेखि छायांकन सुरु हुन्छ टुंगो छैन । गायक यश कुमारले आफ्नो निर्देशन रहने नयाँ चलचित्र 'ए मन सुटुक्क भन'मा पल शाहलाई अनुबन्ध गरेका थिए । तर, यो चलचित्रमा अब पल नहुने निश्चित भइसकेको यशले बताएका छन् ।

प्रदीप र अनमोलले म्युजिक भिडियोमा काम नगर्ने भए पनि पल शाह भने भिडियोका सबैभन्दा रोजाइका अभिनेता हुन् । उनले एकपछि अर्को म्युजिक भिडियोमा पनि काम गरिरहेका छन् । विज्ञापनको कुरा गर्दा पछिल्लो समय पललाई ब्राण्डको विज्ञापनमा खास्सै खोजिएको छैन । यस्तै, अर्का चकलेटी अभिनेता सलिनमान बनियाँ भने चलचित्रको पर्दाबाट अलि टाढा देखिएका छन् । 'ए मेरो हजुर २'बाट डेब्यु गरेका उनले पहिलो चलचित्रबाटै लोभलाग्दो माया पाएका थिए । रिजर्भ बस्न रुचाउने यी अभिनेता चलचित्र 'यात्रा'पछि मिडिया र चलचित्र नगरीबाट टाढै बसिरहेका छन् । उनले व्यवसायमा समय दिइरहेका छन् । उनीकहाँ चलचित्रको अफर पुगे पनि काम गर्न जाँगर नदेखाएको बुझिएको छ । अर्का चकलेटी अभिनेता आकाश श्रेष्ठले पनि पछिल्लो समय चलचित्रमा काम गरेका छैनन् । उनले चलचित्र साइन गरेको खबर पनि बाहिरिएको छैन । एकपछि अर्को चलचित्र असफल भएपछि उनी म्युजिक भिडियोमै रमाइरहेका छन् । भिडियोमा आकाश निकै डिमाण्डेड अभिनेता हुन् ।

*-लोकान्तर डटकम*

# दयाहाङ पर्खिरहेको 'मनसरा'



लगालग फिल्म सम्झौता गर्दा यतिबेला अभिनेता दयाहाङ राईलाई भ्याइनभ्याइको अवस्था छ । यसै साता फिल्म 'डिग्री माइला'को छायांकन सकेर अर्को फिल्म 'भूठान'का लागि अमेरिका पुगेका उनी नेपाल आएपछि 'जारी' निर्देशक उपेन्द्र सुब्बाको नयाँ फिल्म 'मनसरा'को छायांकनमा जोडिनुपर्ने छ । यतिबेला उनीबाहेकको सिन २० दिनदेखि ललितपुरको नख्खीपोट आसपासमा खिदिदैंछ । अहिले मिरुना, मेनुका प्रधान र प्रविण खतिवडाका दृश्यहरुको छायांकन भैरहेको निर्देशक सुब्बाले जानकारी दिए । दयाहाङ माघ २०-२२ गतेसम्ममा नेपाल फर्किएर फिल्मको छायांकनमा जोडिने उनले बताए । दयाहाङ आएपछि फिल्मको छायांकन नख्खीपोट र पाँचथरमा १० दिनसम्म चल्नेछ ।

निर्देशक सुब्बाले जाडोको मौसममा पनि छायांकन निकै राम्रोसँग भैरहेकोमा खुसी व्यक्त गरे । फिल्मको निर्माणमा उपेन्द्र सुब्बा र छायाँकार शैलेन्द्र ध्वज कार्कीले सहकार्य गरेका छन् । 'जारी'ले जस्तै 'मनसरा'ले पनि अर्गानिक कथा पस्किएको निर्माता कार्कीको दाबी छ । निर्देशक सुब्बा स्वयंको लेखन रहेको फिल्मको आगामी बैशाख २१ गतेलाई प्रदर्शन मिति घोषणा गरिसकिएको छ । प्रदर्शनका लागि जम्मा तीन महिना बाँकी रहेकाले निर्माण टिममा छायांकन सक्ने चटारो देखिन्छ । 'मनसरा'को सह-निर्मातामा विष्णु कुमार लिम्बु, मनोरथ पोखरेल, पर्शु अधिकारी, पिटर गुरुङ तथा जीवन लिम्बु थाक्लुङ छन् भने सिजन दाहाल कार्यकारी निर्माता हुन् । फिल्ममा निमेश श्रेष्ठको सम्पादन तथा श्रवल राज पाण्डेको साउण्ड डिजाइन रहनेछ भने मानाहाङ लावती, मनिक शंखर र सुभम चाम्लिङ राईको कला निर्देशन छ । किरण चाम्लिङ राई मुख्य सहायक निर्देशक हुन् ।

*-फिल्मी खबर डटकम*

# सुरक्षा अभिनित नाटक 'क्लेशाः' दिल्ली र रामनगरमा मञ्चन हुने



सुरक्षा पन्त अभिनित नाटक 'क्लेशाः' २३ औं भारत रंग महोत्सवमा छनोट भइसकेको खबर यसअघि नै आइसकेको छ । यतिबेला भने यो नाटकको भारत मञ्चनलाई लिएर नयाँ खबर छ । प्रतीक्षा कट्टेलको लेखन र विजया कार्कीको परिकल्पना तथा निर्देशन रहेको यो नाटक फेब्रुअरी १७ र १९ सम्म मञ्चन हुने तय भएको छ । यो नाटक भारतीय रंग महोत्सवमा सन् २०२२ का लागि छनोट भएको थियो । कोभिडका कारण रोकिएको यो नाटकलाई पुनः मञ्चनका लागि निम्तो मिलेको हो । जसअनुसार ती मितिमा यो नाटक दिल्ली र रामनगरमा मञ्चन हुने तय भएको छ । महोत्सवमा छनोट ६२ मध्ये एक मात्र अन्तर्राष्ट्रिय नाटक रुसबाट छ ।

भारतको नाट्य प्रज्ञा प्रतिष्ठान मातहत रहेको राष्ट्रिय नाट्य विद्यालय 'एनएसडी'ले वार्षिक रुपमा आयोजना गर्ने सो महोत्सव फेब्रुअरी १ देखि सुरु हुँदैछ । सन् १९९९ बाट सुरु महोत्सवमा यसअघि सुनिल पोखरेल, अनुप बराल, विमल सुवेदी लगायत एनएसडीबाट प्रशिक्षित नेपाली रंग कर्मीले सहभागिता जनाइसकेका छन् । यसपटक भारत रंग महोत्सवमा नेपालबाट नयाँ पुस्ताका युवा निर्देशकको डेब्यु नाटकले नै प्रतिनिधित्व गर्न लागेको हो । 'क्लेशाः' विजया कार्कीको डेब्यु निर्देशन हो । फेब्रुअरी १ देखि २६ सम्म आयोजना हुने महोत्सवमा यस वर्ष भारतका ५९ वटा नाटक, रुसको एक नाटक र दुई लोकनाटक छनोट भएको आधिकारिक वेबसाइटमा उल्लेख छ ।

साथै सन् २०२२ का लागि छानिएको नाटक मध्ये समावेश केही नाटकमा 'क्लेशाः' परेको हो । नाटक 'क्लेशाः'को मुख्य स्रोत रामायण हो । यसले ऋषि वाल्मिकीको कथालाई समसामयिक रुपमा प्रस्तुत गर्ने प्रयास गरेको छ । 'क्लेशाः'का पाँच तत्व अज्ञानता, अहंकार, मोह, विच्छेद र डरको दार्शनिक पृष्ठभूमिसहित नेपालको एक दुर्गम गाउँमा पञ्चायती व्यवस्थाको सामाजिक र सांस्कृतिक परिवेश नाटकमा छ । यस अघि गत पुसमै सुरक्षाले सामाजिक सञ्जालमार्फत नाटक महोत्सवमा छनोट भएको जनाएकी थिइन् । करमन कला समूहको प्रस्तुति रहेको नाटकमा सरिता गिरी, सुरक्षा पन्त, कुशल पाण्डे, सुदीप खतिवडा, विजय बराल, विकास जोशी, रोसनी कार्की, स्वप्निल घिमिरे, सन्दीप श्रेष्ठ, संयोग गुरागाई, मिलन कार्की, सुजन खतिवडा, सविना थापा र रुजा राउतको अभिनय छ । कलाकार सुरक्षा पन्तले नाटकबाटै डेब्यु गरेकी थिइन् । नाटक 'क्लेशाः'बाट थिएटर डेब्यु गरेकी थिइन् । त्यस्तै नाटकको महोत्सव टिममा निर्देशक कार्कीसँगै विभिन्न प्राविधिक भूमिकासहित रिजन परियार, उमेश तामाङ, अनुप न्यौपाने, रुपक खरेल र केदार श्रेष्ठ छन् । 'क्लेशाः' टोली अहिले नाटकको नियमित अभ्यासमा छ । 'क्लेशाः' टोली काठमाडौंको विशेष मञ्चनपछि फागुन २ गते भारत प्रस्थान गर्नेछ । कला समूहको रुपमा स्थापना भएको करमनको पहिलो प्रस्तुति भारत रंग महोत्सवमा छनोट भएको हो । भारतअघि माघ २९ र फागुन १ गते काठमाडौंको मण्डला थिएटरमा मञ्चन हुने जनाइएको छ ।

*-अनलाइन खबर डटकम*

# पाल्पामा नेपाल भाषाका बारेमा बहस



**पाल्पा,** माघ १६/पाल्पा साहित्य समाज तानसेन पाल्पाले नेपाल भाषा साहित्यको विकास तथा नेवारी साँस्कृतिक कार्यक्रमका बारेमा अवधारणा पत्र प्रस्तुत गर्दै पाल्पामा नेपाल भाषाको पछिल्लो अवस्था बारे बहस शुरु गरेको छ । लामो खोज र अनुसन्धान गरी समाजका संरक्षक राजेन्द्रगोपाल सिंह र अध्यक्ष पुष्कर अथक रेग्मीले तयार गरेको नेपाल भाषा साहित्यको विकास अवधारणा पत्र तानसेनका नगर प्रमुख सहित बुद्धिजिवीहरु माझ प्रस्तुत गरिएको हो ।

अवधारण पत्र प्रस्तुत गर्दै समाजका अध्यक्ष रेग्मीले नेपाल भाषा साहित्यको शुरुवात, पाल्पामा नेवारहरुको आगमन, पाल्पा तानसेनमा नेवारहरुको भाषा, संस्कृति र साहित्यको विकास, पाल्पामा नेपाल भाषा साहित्यको बारेमा योगदान गर्ने व्यक्तिहरुको बारेमा विस्तृत रुपमा जानकारी दिए । कार्यक्रममा तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठले तानसेन नगरपालिका नेवारी कला संस्कृति भेषभुषा भाषाको धनी भएकोले सबै पक्ष मिलेर नेपाल भाषालाई माथि उठाउन सकिने बताए । तानसेन नगरपालिकाको कार्यालयमा आगामी दिनमा सरकारी कामकाजीको रुपमा नेपालीसंगै, नेवारी र मगरी भाषालाई पनि मान्यता दिने गरी तयारीमा जुटेको बताए । तानसेन र पाल्पाका आदिवासी को-को हुन् भनेर पहिचान गर्न पनि नगरपालिका लागेको नगर प्रमुख श्रेष्ठले बताए ।

कार्यक्रममा तानसेन नगरपालिकाकी उपप्रमुख प्रतिक्षा गाहा सिंजालीले मानिसको मुख्य पहिचान भनेकै आफ्नो भाषा, कला संस्कृति भएकोले ठाउँ अनुसारका भाषाहरुलाई जोगाउन सबैपक्ष सक्रिय हुनुपर्नेमा जोड दिइन् । कार्यक्रममा बौद्ध विद्धान छत्रराज शाक्यले नेपालको पहिचान भनेकै नेपाल भाषा, नेपालले संयुक्त राष्ट्र संघमा पेश गरेको मुख्य भाषा नै नेपाल भाषा भएकोले नेपालीसंगै नेपाल भाषालाई समानान्तर रुपमा लैजानुपर्नेमा जोड दिए । बरिष्ट पत्रकार मेघराज शर्माले नेपाल भाषा लिपिवद्ध गर्नुपर्ने बताए । कार्यक्रममा पासा खल पाल्पाका अध्यक्ष देवेन्द्रराज शाक्यले नेपाल भाषासंगै नेपाल संम्वतलाई राज्य तहबाट कार्यान्वयन हुनुपर्नेमा जोड दिए । विक्रम संवत भारतीय संम्वत भएकोले नेपाल संम्वतलाई प्रयोगमा ल्याउनुपर्नेमा उनले बताए । पत्रकार माधव अर्यालले नेपाल भाषाको बारेमा पत्रकारहरुलाई प्रशिक्षण गरी आमजनमासमा लैजानुपर्ने बताए । तानसेन नगरपालिका वडा ६ का वडा अध्यक्ष सागरमान महर्जन, तानसेन भजन संरक्षण समितिका अध्यक्ष मंगलप्रसाद बज्राचार्य, साहित्यकार रोहित शर्मा तानसेनमा नेवारी कला संस्कृति, भेषभुषा र भाषाको अवस्था कमजोर हुँदै गएकोले स्थानीय सरकारसंगै अगुवाहरु क्रियाशिल भई जर्गेना गर्नुपर्ने बताए ।

नेपाल भाषा साहित्य कला संस्कृतिमा काठमाडौं पछि दोस्रो मानिएको तानसेन नेवारी भाषा कला संस्कृति नै लोप हुने अवस्थामा पुगेपछि पाल्पा साहित्य समाजले अवधारणा पत्र प्रस्तुत गरेर सामाजिक अगुवा, स्थानीय सरकार, नेवारी अगुवाहरुलाई ब्युझाएको कार्यक्रममा सहभागीहरुले बताए । कार्यक्रममा नेवारी भाषामा भजन तथा गीत संगीत प्रस्तुत गरिएको थियो । समाजका संरक्षक राजेन्द्रगोपाल सिंहको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव सविता भट्टराईले गरेकी थिइन् ।

# भ्रष्टाचार सूचकाङ्कमा नेपालको सुधार

**काठमाडौं,** ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको भ्रष्टाचार अनुभूति सूचकाङ्क (करप्सन पर्सेप्सन इन्डेक्स) मा नेपालले गत वर्षको भन्दा केही सुधार गर्दै ३५ अङ्कसहित एक सय आठौं स्थानमा देखिएको छ । नेपालले भ्रष्टाचार सूचकाङ्कमा गत वर्षको भन्दा एक अङ्क सुधार गरेको छ । गत वर्ष अर्थात् सन् २०२२ मा नेपाल ३४ अङ्कसहित एक सय १०औं स्थानमा थियो । त्यस्तै, सन् २०२१ मा ३३ अङ्कसहित एक सय १७ औं स्थानमा थियो । ट्रान्सपरेन्सी इन्टरनेसनलले विश्वका एक सय ८० मुलुकको भ्रष्टाचारको अवस्था विश्लेषण गरेकामा कम भ्रष्टाचार हुने मुलुकमा ९० अङ्कसहित डेनमार्क पहिलो स्थानमा छ । त्यस्तै, कम भ्रष्टाचार हुने मुलुकमा फिनल्यान्ड दोस्रो, न्यूजिल्यान्ड तेस्रो, नर्वे चौथो र सिंगापुर पाँचौं स्थानमा छन् । त्यसपछि क्रमशः स्वीडेन, स्विजरल्यान्ड, नेदरल्यान्ड, जर्मनी र लग्जेम्बर्ग छन् । उक्त सूचीमा सोमालिया ११ अङ्कसहित एक सय ८०औं स्थानमा छ । त्यस्तै भेनेजुयला, सिरिया, दक्षिण सुडान, यमनलगायत मुलुकहरु बढी भ्रष्टाचार हुने मुलुकको सूचीमा छन् । नेपालका दुई छिमेकी मुलुकमध्ये भारत ३९ अङ्कसहित ९३औं स्थानमा र चीन ४२ अङ्कसहित ७६औं स्थानमा छन् । ट्रान्सपरेन्सी इन्टरनेसनको भ्रष्टाचार अनुभूति सूचकाङ्कले सम्बन्धित देशको सार्वजनिक क्षेत्र कति भ्रष्ट छ भन्ने कुरा देखाउँछ । यो सूचकाङ्क तयार पार्नका लागि विश्व बैङ्क, वर्ल्ड इकोनोमिक फोरमलगायत विभिन्न संस्थाबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गरिएको जनाइएको छ । जसमा विभिन्न १३ प्रकारका सर्वेक्षण तथा जाँच गरिएको ट्रान्सपरेन्सी इन्टरनेसनलले उल्लेख गरेको छ । ***-रासस***

# नेपाली काँग्रेस पाल्पाले गर्‍यो रामपुरमा प्रशिक्षण



**पाल्पा,** माघ १६/नेपाली काँग्रेस पाल्पाले रामपुरमा प्रशिक्षण कार्यक्रम गरेको छ । नेपाली काँग्रेस प्रशिक्षण शाखाको आयोजना र काँग्रेस रामपुर नगर समितिको संयोजनमा एक दिवसीय प्रशिक्षण कार्यक्रम भएको हो ।

पार्टीलाई वडा तहबाटै सशक्त र प्रभावकारी बनाएर लैजान काँग्रेसले प्रशिक्षण गरेको जनाएको छ । रामपुरबाट शुभारम्भ भएको प्रशिक्षण जिल्लाका १० वटै स्थानीय तहमा गरिने छ । प्रशिक्षण कार्यक्रमको नेपाली काँग्रेस लुम्बिनी प्रदेशका सभापति अमरसिंह पुनले उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि पुनले पछिल्लो समय राजनीतिक दलहरुप्रति जनताको वितृष्ण पैदा हुँदै गएको अवस्थामा प्रशिक्षणले त्यसलाई चिर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । उनले देशमा ठूला परिवर्तन र अहिलेको संसदिय व्यवस्था नेपाली काँग्रेसको नेतृत्वमा आएको भन्दै यी कुरा जनतालाई बुझाउन आवश्यक रहेको बताए । उनले भने 'शान्ति प्रक्रियादेखि संविधान जारी गर्ने काम र कार्यान्वयन गर्ने काम काँग्रेसले नै गरेको हो, यो कुरा हामीले जनतालाई बुझाउन सकेका छैनौं ।' 'काँग्रेसले केही गरेन, केही गर्दैन भन्नेहरुलाई मेरो प्रश्न छ, राणा र पञ्चायत विरुद्धको लडाई कसको नेतृत्वमा भयो ? शान्ति प्रक्रिया र संविधान जारी कसले गर्‍यो ? सबै नीति निर्माण कसले गर्‍यो ? यो सबै काँग्रेस कै नेतृत्वमा भएको हो' सभापति पुनले भने । उनले पार्टीले नीतिगत निर्णय गर्दा केही कमजोरी भएको स्वीकार गर्दै सुधार गरेर अघि बढ्ने बताए । तर काँग्रेसले केही गरेको छैन भन्ने छुट पार्टीका कुनै पनि नेता कार्यकर्तालाई नभएको सभापति पुनको भनाई छ । नेपाली काँग्रेस लुम्बिनी प्रदेशका उपसभापति भुवनप्रसाद श्रेष्ठले पार्टीलाई बलियो बनाउनका लागि नेताले नभई नीतिले र व्यक्तिले नभई विधिले पार्टी चल्न आवश्यक रहेको धारणा व्यक्त गरे । उनले समाजवाद नेपाली काँग्रेसको सिद्धान्त र पहिचान भएकाले समयसापेक्ष जनताको आवश्यकता र चाहनालाई केन्द्रमा राखेर नेता कार्यकर्ता चल्नुपर्ने बताए ।

नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले आन्तरिक छलफल र बहस गरेर बाहिर पार्टीको डिफेन्समा उभिनुपर्ने बेला आएको धारणा व्यक्त गरे । उनले अहिले परिस्थिती भिन्न बन्दै गएको भन्दै एउटा मिसन बोकेर खुलेको पार्टी र विचारलाई चिर्नका लागि डिफेन्स गर्न जरुरी बताए । सभापति श्रेष्ठले पदीय दायित्व र भूमिकामा रहनेलाई पार्टीको खिलाप बोल्ने छुट नभएको पनि स्पष्ट पारे । लुम्बिनी प्रदेश सांसद तथा काँग्रेस निवर्तमान जिल्ला सभापति वीरबहादुर रानाले राजनीति र पद्धति माथि प्रश्न उठ्नु चिन्ताको विषय भएको बताए । उनले समाज र जनताप्रतिको चिन्तन भन्दा पनि व्यक्तिगत स्वार्थका कारण आमनागरिकमा राजनीति र दलप्रति वितृष्णा पैदा भएको भन्दै चिन्ता व्यक्त गरे । सांसद रानाले राजनीतिक दलका नेताको शैली र प्रवृत्तिमा आमूल परिवर्तन गर्न आवश्यक रहेकोमा जोड दिए । उनले लोकतन्त्रको विकल्प लोकतन्त्र र दलको विकल्प दल भएको भन्दै फरक सोँच र चिन्तन सहित उच्च मनोबलका साथ पार्टीको माध्यमबाट समाज रुपान्तरण र मुलुकको विकासमा लाग्न कार्यकर्ताहरुलाई आग्रह गरे । कार्यक्रममा नेपाली काँग्रेस पाल्पाका उपसभापति तथा प्रशिक्षण विभाग प्रमुख झपेन्द्र गैरेले पार्टीको संगठनलाई मजबुद बनाउन तल्लो तहका कार्यकर्ताको जनभावना अनुसार पार्टी चल्नुपर्ने भन्दै सबै तहगत संरचनाका जिम्मेवार व्यक्तिले ईमान्दारितापूर्वक भूमिका निर्वाह गर्न आवश्यक रहेको बताए । नेपाली काँग्रेसका महासमिति सदस्य तथा रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले सबै नेता कार्यकर्ता पार्टी प्रति बफादार हुन आवश्यक रहेको उल्लेख गरे । कार्यक्रममा नेपाली काँग्रेस लुम्बिनी प्रदेशका उपसभापति भुवनप्रसाद श्रेष्ठ, प्रदेश सदस्य लालकुमारी राना, लुम्बिनी प्रदेशका आमन्त्रित सदस्य राम कार्की र नेपाली काँग्रेस पाल्पाका उपसभापति झपेन्द्र गैरे लगायतले प्रशिक्षण दिएका थिए । प्रशिक्षणमा रामपुर नगरपालिका भित्रका विभिन्न वडाका नेता कायकर्ताहरुको सहभागिता रहेको प्रशिक्षण विभागका सचिव लक्ष्मण बस्यालले जानकारी दिए ।


## रूरूक्षेत्र गाउँपालिकाको अनुरोध

- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- आफ्ना नानी-बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुर्‍याउनुको साथै उनीहरुको क्रियाकलाप प्रति सधै सजग रहौं ।
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- बाझो जग्गा नराखौ/राख्न नदिउँ ।
- सार्वजनिक सम्पत्ति ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाको संरक्षण गरौं ।
- खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- घरेलु हिंसा लौगिकहिंसा, जातिय भेदभाव लगायत सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।

| लक्ष्मण पाण्डे | मीना देवी गौतम | यदु ज्ञवाली |
| --- | --- | --- |
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रूरूक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेटक्सार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई